लिसंखु पाखर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अत्तरपुर, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

# चालु आ.व.को पहिलो चौमासिक समीक्षा

## लिसंखु पाखर गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

अत्तरपुर,सिन्धुपाल्चोक

मिति २०८० मंसिर १०

# चालु आ.वको पहिलो चौमासिक समीक्षा कार्यक्रम

यस कार्यक्रमको अध्यक्षता गरिरहनु भएका अध्यक्ष ज्यू ,प्रतिनिधि सभाका माननीय ज्यू ,प्रदेश सभाका मानीय ज्युहरू ,लिसंखु पाखर गाउँपालिकाका उपाध्यक्षज्यू , वडाअध्यक्षज्यू, कार्यपालिका सदस्य/वडा सदस्यज्यूहरू ,अतिथिगढ , राष्ट्रसेवक कर्मचारी साथीहरु, सम्पूर्ण गाउँपालिकावासी आमा, बुबा, दाजु भाई तथा दिदी बहिनीहरु, संचारकर्मी एवं आजको यस चालु आर्थिक वर्ष ०८०/०८१ को चौमासिक प्रगति प्रतिवेदन सार्वजनिक समारोहमा उपस्थित सम्पूर्ण महानुभावहरुमा म हार्दिक अभिवादन व्यक्त गर्दछु ।

संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारका नीति तथा कार्यक्रममा समावेश गरिएका अन्तरवस्तुहरु,, दीगो विकासका लक्ष्यहरु,चालु आवधिक योजनामा राष्ट्रले लिएका लक्ष्यहरू ,देशले अन्तराष्ट्रिय समुदायमा गरेको प्रतिवद्धताहरू लगायतका सबै विषयवस्तुलाई मध्यनजर गर्दै जनप्रतिनिध ज्यूहरूले चालु आर्थिक वर्ष ०८०/०८१ योजना , निती तथा कार्यक्रमको निर्माण गर्नुभई सोको कार्यान्वयनमा हामी होमिएका थियौ। यिनै विषयवस्तुमा अन्तरनिहित रहेर हामीले चालु आ.व को पहिलो चौमासिक अवधिमा सम्पादन गरिएका मुख्य मुख्य कार्यहरु तथा उपलब्धीहरूलाई क्षेत्रगत आधारमा सार्वजनिक गर्न गइरहेको छु ।

**१.सुशासन, संस्थागत विकास तथा सेवा प्रवाह :**

- गाउँपालिकामा श्रेणिविहिन देखी अधिकृतस्तर आठौ तह सम्म स्थायी ८६ ,करार २४ गरी कूल ११० वटा दरबन्दी स्वीकृत गरिएकोमा स्थायी ४० करार ४८ र परियोजना कार्यक्रमका १३ जना गरी कूल १०१ जना कर्मचारीहरूद्वारा पालिका कार्यालय,वडा कार्यालय ,स्वास्थ्य चौकी कृषि तथा पशु केन्द्रबाट सेवा प्रवाह भईरहेको छ ।
- लिसंखु पाखर गाउँपालिका भित्रका वडा कार्यालय तथा सामुदायिक विधालयहरूमा ई-हाजिरी , सिसि क्यामेरा, डिजिटल डिस्प्ले जडान गरी सेवालाइ डिजिटलाइज बनाउन खोजिएको छ ।
- वडा कार्यालय र सो मातहत रहेका सबै सार्वजनिक निकायका साथै सबै सामुदायिक विद्यालय र स्वास्थय संस्थाहरूमा फ्रि इन्टरनेट जडान गरी विद्युतिय तथा डिजिटल माध्यम बाट सेवा प्रवाह गर्ने थालनीको सुरूवात गरिएको छ ।
- गाउँपालिका कार्यालयको कार्यालयमा नागरिक सहायता कक्षको व्यवस्था गरी गाउँपालिकाबाट प्रदान गरिने सार्वजनिक सेवालाई गुणस्तरिय बनाउने कार्यको थालनी भएको छ ।

दिल प्रमुख प्रशासकीय अधिकृत

लिसंखु पाखर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अतरपुर, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

- सूचना प्रविधिको माध्यमबाट सेवा प्रवाहमा सहजता एवंम सरलता ल्याउनको लागि राजस्व सफ्टवेयर प्रणाली, सामाजिक सुरक्षा भत्ता वितरण प्रणाली, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली, लेखा व्यवस्थापन प्रणाली लगायतका सफ्रटवेयरहरूको प्रयोग गरिएको तथा गाउँपालिकाको सम्पूर्ण सूचना , जानकारीहरू फेसबुक पेज तथा वेभसाइटमा राख्ने कार्यको शुभारम्भ गरी विधुतिय शासन प्रणालीको अवधारणा अवलम्बन गर्न खोजिएको छ । ।

- गा.पा साघुरो एवंम छरपष्ट अवस्थामा सञ्चालनमा रहेको शाखाहरूलाई हल कक्षबाट स्थानतरण गरी नयाँ भवनमा एकिकृत एवंम व्यवस्थापन गरी एउटै छाना मुनीबाट अनेकौ सेवा प्रदान गर्ने कार्यको थालनी गरी one window one service अवधारणा अनुशरण गर्न खोजिएको छ ।

- सहभागितामूलक शासनको अवधारणाको अनुसरण गर्न एवंम पालिकाको हरेक गतिविधिहरू जनमैत्री ,दिगो विकास मैत्री, प्रभावकारी र जनसहभागितामुलक बनाउने हेतुले पालिकाको चौमासिक निती तथा कार्यक्रम, बजेट तयारी तथा निर्माणमा सम्पूर्ण गाउँपालिका बासी , राजनैतिक दल बुद्दीजीवी ,सरकारी एवंम गैर संघसंस्था, संचार माध्यम र आम सरोकारवालाहरू संग समयमानै राय सूझाव माग गरिएको तथा प्राप्त राय सुझाव पालिकाको
- निती तथा बजेटमा समावेश गरी सहभागितामूलक शासनमा जोड दिइएको छ।
- लिसंखु पाखर गाउँपालिकाले प्रदान गर्ने सेवामा सबै जनप्रतिनिध एवंम कर्मचारीहरूको क्षमता अभिविद्धि गर्न तालिम सञ्चालन गरी कर्मचारी एवंम जनप्रतिनिधहरूको क्षमता अभिवृद्धी गर्ने काम गरिएको छ । यस कार्यक्रमबाट जनप्रतिनिधि एवंम कर्मचारीहरू प्रत्यक्ष रूपमा लाभान्वित हुनु भएको छ ।
- पहिलो चौमासिक अवधिमा गाउँपालिका,स्वास्थ्य चौकी एवंम वडा कार्यालयको सेवालाई थप व्यवस्थित बनाउन विभिन्न सेवाका १९ जना कर्मचारी नियुक्ति गरिएको छ ।
- पहिलो चौमासिक अवधिमा गाउँ कार्यपालिकाको बैठक ६ वटा , शाखा प्रमुखहको बैठक ०२ वटा , वडा सचिवहरूको संयुक्त बैठक १ र सुशासन एवंम क्षमता विकास समिति लगायत विषयगत समितिहरूको १ बैठक बसिएको छ ।
- सार्वजनिक सेवाप्राहलाई ब्यवस्थित गरी नागरिकले सेवा प्रवाह लिन सहज उपलब्धता गर्ने हेतुले वडा ,स्वास्थ्य चौकी र गा .पा कार्यालयमा नागरिक बडा पत्रको व्यवस्था गरिएको छ ।

प्रमुख प्रशासकीय अधिकृत

लिसंखु पाखर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अत्तरपुर, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

२.भवन नियमन तथा पूर्वाधार विकास तर्फः

चालु आ.व को पहिलो चौमासिकको अवधिमा पुर्वाधार विकास तर्फ देहाय बमोजिमका कार्यहरु सम्पन्न भएका छन् ।

- चालु आ.व मा ठेक्का आह्वान गरी कार्यान्वयन गनुपर्ने योजनाहरू मध्ये ८ वटा योजनाहरूको ठेक्का आह्वान भइसकेको छ । आह्वान गरिएका ठेक्काहरूमध्ये ६ वटा योजनाहरूको सम्झौता भई ३ वटा योजनाहरूको काम समेत सुरू भईसकेको छ ।
- उपभोक्ता समिति मार्फत सन्चालन हुने योजनाहरू मध्ये ३६ योजनाहरूको सम्झौता भई १६ वटा योजनाको भुक्तानी भईसकेको छ ।
- चालु आ.व को पहिलो चौमासिक अवधिमा यस गाउँपालिका भित्र ३०० मि सोलिङ,९० मिटर ढलान, र ३ वटा मठमन्दिरहरूको स्तरउन्नती गरिसकिएको छ ।
- चाडपर्वको समयमा गाउँ घरमा सवारी साधनको आगमनलाई सहज बनाउने उदेश्यले डोजर एवंम सडक हेरालु मार्फत मुख्य सडकहरू सफा गर्ने काम सम्पन्न गरिएको छ । यस बाट चाडपर्वको समयमा गाउँ घरमा आउने व्यक्तिहरू प्रत्यक्ष रूपमा लाभान्वित भएका छन् ।
- लिसंखु पाखर गाउँपालिका वडा नं ४ मा रहेको औधोगिक ग्रामको प्याकेज २ को निर्माण कार्य अन्तिम चरणमा पुगेको छ ।
- संघिय तथा प्रदेश सरकारबाट वृत्तिय हस्तानतरण भएका उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्नुपर्ने योजनाहरूको कार्यान्वयनको लागि उपभोक्ता समिति गठन गर्न सम्बन्धित वडामा पत्रचार गरिएको छ ।
- डि.एल.पी समय रहेको निर्माण व्यवसायीहरूलाई योजनाको डिफेक्ट मर्मतको लागि पत्रचार गरिएको छ ।

Krishna

▪ निर्माणाधिन गाउँपालिकाको प्रशासकिय भवनको थप भौतिक प्रगती हासिल भएको छ ।

▪ गाउँपालिका भित्र रहेका खानेपानीको मुहान व्यवस्थित गर्ने उदेश्यले खानेपानीको मुहान दर्ता गर्ने कार्यको शुभारम्भ भएको छ । जस अन्तर्गत पहिलो चौमासिकमा २ वटा मुहान दर्ता भईसकेका छन् ।

▪ लिसंखु पाखर गाउँपालिका भित्र नक्सा पास नभइ निर्माण भएका घरहरूको अभिलेखिकरणको लागि सुचना आह्वान गरी घर अभिलेखिकरण सम्बन्धी कार्यको थालनी गरिएको छ ।

▪ गाउँपालिका भित्र रहेका सामुदायिक वन ,भवन ,मन्दिर गुम्बा चर्चहरूलाई व्यवस्थित गर्न सूचिकृत गर्ने प्रकृयाको थालनी गरिएको छ ।

▪ गाउँपालिका भित्र सन्चालन हुने अटो रिक्साको व्यवस्थापन गर्नको लागि अटो रिक्सा सम्बन्धी कार्यविधिको तर्जुमा गरी सोको कार्यान्वयन गर्ने प्रकृयामा रहेको छ ।

▪ चालु आ.व मा पूर्वधार तर्फ विनियोजन भएको बजेट मध्ये पहिलो चौमासिक अवधि सम्म आई पुग्दा रू ३ करोड ६० लाख खर्च भएको छ । जुन खर्च गत आ.व को यहि अवधि भन्दा रू १ करोड रूपैया बढि हो ।

## ३. वन जङ्गल वातावरण तथा जैविक विविधताः

▪ गाउँपालिकाको क्षेत्र भित्र रहेको जैविक विविधताको संरक्षण ,सम्वर्धन र प्रवर्धन गर्ने उदेश्यले जलचरहरूको संरक्षणको लागि आवश्यक ऐन नियमको निर्माण गरी सोको कार्यान्वयन गरिएको छ ।

▪ गाउँपालिका भित्र रहेका सामुदायिक वन जङ्गल उपभोक्ता समितिहरूको व्यवस्थापन एवंम नियमन गर्नको लागि सामुदायिक वन उपभोक्ता समितिलाई गा.पा कार्यालयमा सूचिकृत गर्ने प्रकृयाको थालनी गरिएको छ ।



प्रमुख प्रशासकीय अधिकृत

लिसंखु पाखर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अत्तरपुर, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

४. <u>योजना कार्यान्वयन</u> :

- असारे विकासलाई निरूतसाहित गर्ने उदेश्यले चालु आ.वको योजना तथा कार्यक्रम कार्यान्वनयनको लागि चौमासिक कार्य योजना बनाई कार्यान्वयन प्रकृया अगाडी बढाइएको छ ।

- योजना कार्यान्वयन प्रकृयालाई छिटो छरितो र सहज बनाउनका लागि घुम्ति शिविर सेवा कार्यक्रम मार्फत प्रत्येक वडामा पुगी उपभोक्ता समितिका पदिधिकारीहरूलाई अनुशिक्षण कार्यक्रम समपन्न गरि पहिलो चौमासिकमा ३६ वटा अर्थात कूल योजनाको ३४.२८ प्रतिशत योजनाहरू सम्झाौता गरिएको छ । जसमध्ये १६ वटा योजना अर्थात कूल योजना संख्याको आधारमा १५.२३ प्रतिशत योजनाको रकम भुक्तानी भईसकेको छ ।

५. <u>राजस्व व्यवस्थापन</u> :

- चालु आ.व. मा राजस्व प्रक्षेपण रू ५० लाख रहेकोमा पहिलो चौमासिकमा मालपोत, सम्पत्ति कर, व्यवसाय कर, सेवा शुल्क, सेवा दस्तुर, लगायतका आय शिर्षकहरुमा आन्तरिक राजस्व तर्फ रु. २४ लाख ५४ हजार ९२१ रूपैयाँ। ३२ पैसा राजस्व संकलन गरिएको छ । संकलित राजस्व चालु आ.व मा प्रक्षेपण गरिएको तुलनामा ४९.०९ प्रतिशत राजश्व संकलन हो।

- संकलित राजश्व गत आ.व को पहिलो चैमासिक भन्दा यस आ.व को चौमासिकमा रू ११ लाख २६ हजार ९ सय ७० रूपैयाँ अर्थात ८४.८७ प्रतिशत बढी राजश्व संकलन भएको छ।

- पालिकामा राजश्व संकलनको लागि महालेखा नियन्त्रक कार्यालयले संन्चालनमा ल्याएको सुत्र नामक राजस्व सप्टवेयर सन्चालनमा ल्याएको छ । साथै करदातालाइ कर तिरेको जानकारी मोबाइल एस.एम .एस मार्फत जानकारी दिइ नविनतम कार्यको थालनी गरिएको छ ।

६. <u>शिक्षा युवा तथा खेलकुद विकास</u>:

(क) <u>शिक्षा तर्फ</u> :

krishna
दिल कृष्ण श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

- लिसंखु पाखर गाउँ पालिका अन्तर्गत रहेका सामुदायिक विधालयहरूमा इ.सि.डि देखी कक्षा १२ सम्म छात्र ८४२ र छात्रा ९२५ गरी जम्मा १७६७ विधार्थिहरू अध्ययनरत रहेका छन् ।
- अध्ययनले मात्र विधार्थिहरूको अन्तरनिहित क्षमताको प्रस्फुटन हुन नसक्ने र भित्री क्षमताको प्रस्फुटन एवंम विकासको लागि अतिरिक्त क्रियाकलाप आवश्यक रहने मूल मान्यतालाई आत्मसाथ गर्दे चालु आ.व को पहिलो चौमासिकमा पालिकास्तरिय मा.वि निवन्ध प्रतियोगिता सन्चालन गरी उत्कृष्ट ४ जना विधार्थिलाई पुरस्कृत गरिएको छ । यस बाट आफूमा भएको अन्तरनिहित क्षमता प्रस्फुटन गर्ने ठाउ एवंम अवसर प्राप्त गर्न नसकेका विधार्थिहरू बढी लाभान्वित भएका छन् ।

  विधार्थीको क्षमता एवंव नतिजालाई उत्प्रेरित गर्ने उदेश्यले २०७९ को माध्यमिक शिक्षा परीक्षा र कक्षा १२ को परीक्षामा उत्कृष्ट ग्रेड प्राप्त गर्ने १ छात्र र १ छात्रालाई सम्मान गरी विधार्थीहरूको क्षमता एवंम उत्कृष्ट नतिजालाई उत्प्रेरित गर्ने काम गरिएको छ ।

- पदपूर्ति हुन बाकी रहेका विधालयहरूमा कर्मचारी एवंम शिक्षकको पदपूर्ति गरी विधार्थिहरूको पठनपाठन एवंम विद्यालय प्रशासन व्यवस्थित बनाईएको छ ।

- नयाँ ज्ञान ,नयाँ अवसर ,नया अनुभव ,नयाँ सिकाई प्राप्त गरी उक्त ज्ञान, अवसर ,अनुभव र सिकाई विद्यलयमा अनुसरण गर्ने उदेश्यले सामुदायिक विधालयका प्रधानध्यापकहरूको शैक्षिक अवलोकन भ्रमण समपन्न गरिएको छ ।

- सामुदायिक विधालयहरूको गत आ.व को आम्दानी र खर्चको लेखापरीक्षणको गर्नको लागि लेखापरीक्षकहरू विधालयमा पठाउनका लागि सूचना प्रकाशन गरिएको छ ।

(ख) <u>खेलकुद तर्फ</u> :

लिसंखु पाखर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अतरपुर, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

- नेपालीहरूको महान चाड विजया दशमीको उपलक्ष्यमा सिदार्थ युवा क्लवले आयोजना गरेको लिसंखु पाखर कप खुल्ला फुटवल प्रतियोगिता लिसंखु पाखर गाउँपालिकाले आर्थिक सहयोग गरेको छ ।

## ७. स्वास्थ्य ,सरसफाई तथा बहुक्षेत्रिय पोषण कार्यक्रम

### (क) स्वास्थ्य तर्फ :

- चालु चौमासिक अवधिमा स्वास्थ्य शाखा अन्तर्गत रहेका ६ वटा स्वास्थ्य चौकी तथा १ वटा सामुदायिक स्वास्थ्य केन्द्रबाट विभिन्न पटक ६ हजार ७ सय ११ जना विरामीहरूलाई निशुल्क स्वास्थ्य सेवा उपलब्ध गराइएको छ ।
- समूदायमा स्वास्थ्य सम्बन्धी जानकारी सबै नागरिकहरूमा फैलाउन महत्वपूर्ण भूमिका रहने महिला स्वास्थ्य स्वयंमसेविका मार्फत विभिन्न वडामा ३ हजार ६ सय ७८ जना विरामीहरूलाई स्वास्थ्य परामर्श उपलब्ध गरइएको छ ।
- ६ वटा स्वास्थ्य चौकी र १ वटा सामुदायिक इकाइमा पहिलो चौमासिक अवधिमा ११९ पटक स्वास्थ्य आमा समूहको बैठक सन्चालन गरिएको छ ।
- पहिलो चौमासिक अवधिमा गाउँपालिका भरि ३२ वटा गर्भ जाँच तथा ११ वटा डेलिभरी केसहरू सफलतापूर्क गरिएको छ ।
- एकिकृत घुम्ती शिविरबाट थप ४३० जना विरामीहरूलाई स्वास्थ्य सेवा उपलब्ध गराइएको छ ।
- २७ जना क्यानसर , मृगौला फेलर तथा डायलिस गरेका विरामीहरूलाई रू ५ हजारको दरले एक लाख ३५ हजार रकम उपलब्ध गराइ क्यानसर एवंम मृगौलाको डायलिसमा सहयोग गरिएको छ ।
- राष्टिय भिटामिन ए तथा जुकाको औषधी खुवाउने कार्यक्रम अन्तर्गत ५८८ बालबालिकालाइ भिटामिन ए तथा ५४० जनालाइ जुकाको औषधि वितरण गरिएको छ ।
- निशुल्क आखा शिविर कार्यक्रम अन्तर्गत नेपाल नेत्र ज्योति संघ किर्तिपुर तथा आखा अस्पताल संग समन्वय गरी ११० वटा आखाको मोतिविन्दु शल्यक्रिया निशुल्क गरिएको छ ।
- किशोरी लक्षित स्वास्थ्य कार्यक्रम अन्तर्गत गाउँपालिका भित्रका विभिन्न वडामा ४२१ जना किशोरीहरूलाई आइरन फोलिक एसिड उपलब्ध गराइएको छ ।

Krishna
दिल ... श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

लिसंखु पाखर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अतरपुर, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

- पहिलो चौमासिक अवधिमा विभिन्न वडामा ६० वटा गाउँघर क्लिनिक र ४८ वटा खोप क्लिनिक सम्पन्न हुँदा एक हजार ७ सय ८२ सेवाग्राहीलाई स्वास्थ्य सम्वन्धि सेवा उपलब्ध गराइएको छ ।

८ . <u>प्रधानमन्त्री रोजगार कार्यक्रम</u> :

- आ.व ०८०/८१ को लागि प्रधानमन्त्री स्वरोजगार कार्यक्रम अन्तर्गत पुरूष ३४६ र महिला ३१० जना गरी जम्मा ६५६ जना ब्यक्ति बेरोजगार सूचिमा सुचिकृत भएका छन् ।

- सूचीकृत बेरोजागरहरू मध्ये ७४ जना बेरोजगार ब्यक्तिलाइहरूलाई प्राथमिकताको आधारमा न्युनतम १०० दिन बराबरको रोजगार प्रदान गर्नको लागि विभिन्न ८ वटा योजनाहरू छनोट भई सो कार्यान्वयनको लागि बेरोजगार व्यक्तिहरूलाई अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्ने क्रममा रहेको छ ।

- सुचिकृत बेरोजगार व्यक्तिहरूलाई रोजगारी दिने उदेश्यले पालिका स्तरिय एक चिया गार्डेन स्थापना गरी पालिकालाई मिनि इलामको उपनामले चिनाउनको लागि आवश्यक बजेट विनियोजन हुने क्रममा रहेको छ ।

९. <u>कृषि विकास तर्फ</u> :

- भोकमरीबाट बचौ, विषादी रहित खाद्यान्न उत्पादन गरौ , खाद्यान्नमा सबैको पहँच पुराउ भन्दै विश्व खाद्य दिवसमा ४२ जना कृषकहरू भेला गराइ विश्व खाद्य दिवस मनाईएको छ ।
- लिसंखु पाखर गाउँपालिकाका किसानहरूलाई तरकारी खेतिमा आत्मनिर्भर एवंम व्यवसायिक तरकारी बाली उत्पादन तर्फ प्रेरित गर्नको लागि व्यवसायिक तरकारी बालि

Krishna
प्रमुख प्रशासकीय अधिकृत

विकास कार्यक्रमलाइ निरन्तरता दिइ सो कार्यक्रम सन्चालनको प्रस्तावना आह्वान गरी इच्छुक कृषकहरूबाट प्रस्तावना माग गरिएको छ ।

- ज्ञान सिप धारणा विकास गराउदै आधुनिक प्रविधिको जानकारी दिन तथा प्रविधि हस्तानतरण गर्ने ,फलफुल र च्याउ खेति सम्बन्धी तालिम दिनको लागि किसानहरूबाट माग संकलन गर्ने काम भएको छ ।
- पहिलो चौमासिक अवधिमा कृषि शाखा अन्तर्गतका १५० भन्दा बढी कृषक तथा पोषण समूह दर्ता तथा ३० वटा भन्दा बढी कृषक समूह नविकरण गरिएको छ ।
- घुम्ति सेवा मार्फत सबै वडामा गरी ५५ जना कृषकहरूको माटो परीक्षण तथा १०२ वटा रोग किरा सम्बन्धि परामर्श सेवा उपलब्ध गराइएको ।

१०. <u>पशु सेवा तर्फ</u> :

- आर्थिक वर्षको सुरूवात भए संगै पशुहरूमा देखिएको लम्पी स्कीन नामक रोग नियन्त्रणको लागि सुरूमा १०७६ पशुहरूमा औषधी उपचार गरिएको छ ।

- पालिकमामा लम्पी स्कीन नामक रोगको संक्रमण देखिए लगत्तै ५०० वटा पशुहरूमा लम्पी स्कीन रोग विरूद्धको खोप लगाईएको छ ।
- पहिलो चौमासिक मा लिसंखु पाखर गाउँपालिका भित्र ४ वटा गाई ,र ३ वटा भैसी गरी ७ वटा पशुमा कृत्रिम गर्भधान गरिएको छ ।
- पशु सेवा शाखा तथा पशु सेवा केन्द्रबाट उपलब्ध हुने औषधि ,औषधी वितरण ,नियमित रूपमा प्रदान गरिदै आइएको छ । जस अन्तर्गत पहिलो चौमासिक अवधिमा शाखा तथा सेवा केन्द्रहरूबाट साना तथा ठूला पशुहरू गरी १२७९ पशुमा नाम्ले तथा जुकाको औषधि वितरण गरिएको छ ।
- पहिलो चौमासिकमा ११ वटा पशुपन्छिलाई भिटामिन तथा क्यालसियम ,१५४ वटा पशुलाई जुम्रा नियन्त्रण औषधि ,३०० वटा पशुमा किर्ना नियन्त्रण गर्नको लागि औषधि वितरण एवंम उपचार गरिएको छ ।

११. <u>महिला बालबालिका तथा सामाजिक समावेशीकरण</u> :

- लिसंखु पाखर गाउँपालिका भित्र बाबु आमा नभएका टुहुरा बालबालिकालाई आमा बुबाको अपनत्व हुने गरी गाउँपालिकाको बजेट बाट २ जना र प्रदेश सरकारको बजेट बाट ६ जना गरी जम्मा ८ जना बालबालिकाहरूलाई रू ९६००० भत्ता उपलब्ध गराएको छ ।

- अपाङ्गता परिचय पत्र वितरण कार्यक्रम अन्तर्गत पहिलो चौमासिकमा १५ जनालाई अपाङ्ग परिचय पत्र वितरण गरिएको छ ।
- पहिलो चौमासिक अवधिमा पालिकास्तरिय बालसञ्जालको बैठक १,पालिकास्तरिय ज्यष्ठ नागरिक कल्याण समितिको अपाङ्ग समन्वय समितिको , सामाजिक विकास समितिको , रगैसस समन्वय समितिको बैठक १/१ वटा समापन गरिएको छ ।

१२. <u>सामाजिक सुरक्षा तथा पञ्जीकरण</u> :

- व्यक्ति र समाजलाई जोखिम वा अश्थिरता व्यवस्थापन गर्न गरिवि र असमानता बाट जोगाउन तथा आर्थिक अवसरमा पहुँच अभिवृद्धि गर्ने उदेश्यले चालु आ.व को पहिलो चौमासिकमा लिसंखु पाखर गाउँपालिका भित्रका सबै वडामा गरी जम्मा २५०८ जना सामाजिक सुरक्षा भत्ता लाभग्राहीहरूलाई रू २ करोड ६० लाख २६ हजार १ सय ३२ रूपैयाँ बराबरको सामाजिक सुरक्षा भत्ता वितरण गरिएको छ ।
- सामाजिक सुरक्षा भत्ता लिन बैंक सम्म जान नसक्ने लाभग्राहीहरूलाई सम्बन्धित वडामा गएर बैंक तथा व्यक्तिगत घटना शाखा हेर्ने कर्मचारीहरू संयुक्त प्रयासमा सामाजिक सुरक्षा भत्ता वितरण गरिएको छ ।यसबाट धेरै सामाजिक सुरक्षा भत्ता लाभग्राही लाभान्वित भएका छन् ।

१३.<u>बजार अनुगमन</u> :

- चाडबाडको समयमा हुने महगी ,ठहगी तथा गुणस्तरहिन सामग्री विक्रि वितरण गर्न सक्ने कामलाइ निरूत्साहित गर्न उपाध्यक्ष ज्यूको संयोजकत्वमा बजार अनुगमन समिति गठन गरी वडा नं २ मा १८ वटा ,वडा नं ४ मा २४ वटा ,वडा नं ५ मा १५८ वटा ,वडानं ६ मा १८ र वडा नं ७ मा ६० गरी कूल २७८ वटा पसलको अनुगमन गरिएको छ ।
- अनुगमनको क्रममा देखिएका म्याद नाघेका वस्तुहरू नष्ट गरी सम्बन्धित पसलदाता एवंम व्यवसायीहरूलाई एक पटकको लागि सचेत गराइएको छ ।
- अनुगमनको क्रममा दर्ता वेगर संचालन भएका पसलहरू मध्ये वडा नं ४ मा ११ वटा ,वडा नं ५ मा ३९ वटा , वडा नं ६ मा ४ वटा र वडा नं ७ मा गरी जम्मा ६८ वटा पसल एवंम व्यवसाय पालिकामा दर्ता गरिएको छ ।

१४. <u>जिन्सी तथा आन्तरिक व्यवस्थापन</u>

दिल कृष्ण श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

- प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रक्रियाको अवलम्बन गरी गाउँपालिका तथा मातहतका कार्यालयहरुलाई स्वीकृत बजेटको परिधि भित्र रही खरिदका कार्यहरु नियमित रुपमा गरिएको छ ।
- गाउँपालिकाको चल अचल सम्पत्तिको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा प्रविष्टि तथा अद्यावधिक गर्ने कार्य गरिएको छ । पूराना अवस्थाका ढङ्गा प्रणालीलाइ प्रयोग नगरी विद्युतिय व्यवस्थापन प्रणाली मार्फत मात्र जिन्सी समपत्तिको अभिलेखांकन गरिएको छ ।

१५. सूचना प्रविधि :

- गाउँ कार्यपालिकाको कार्यालय, अन्तर्गतका ७ वटा वडा कार्यालयहरू, स्वास्थ्य संस्थाहरु र सामुदायिक विद्यालयहरुमा फाइबर इन्टरनेट जडानको कार्य सम्पन्न गरिएको छ ।
- गाउँपालिका अन्तर्गतका सम्पूर्ण वडा कार्यालयमा ई-हाजिरी जडान गरी पूर्ण रुपमा कार्यान्वयनमा ल्याइएको छ ।
- गाउँ पालिका कार्यालयको आफ्नो लोगो स्थापना गर्नको लागि सूचना आह्वान गरी छनोटको अन्तिम तयारी भएको छ ।
- पहिलो चौमासिक अवधिमा सूचनाको हक सम्न्धी ऐन २०६४ बमोजिम कार्यालयको सुचना माग गर्ने २ वटा सरकारी कार्यालय र १ जना व्यक्तिलाई सूचना उपलब्ध गराइएको छ ।

१६. ऐन कानूनहरु

- लिसंखु पाखर गाउँपालिकामा चालु आ.व को पहिलो चौमासिकमा १ ऐन ,४ कार्यविधि ,२ निर्देशिका गरी जम्मा ७ वटा ऐन तथा नियम निर्माण तथा संशोधन गरिएको छ ।

१७. न्यायिक कार्य

- स्थानीय स्तरमा उत्पन्न भएको विवाद स्थानीय स्तरमै समाधान गर्ने उदेश्यले प्रचलित कानून बमोजिम गठन भएको स्थानीय न्यायिक समितिमा पहिलो चौमासिकमा ३ वटा विवाद दर्ता भएकोमा २ वटा विवाद फछ्यौट भई र १ वटा विवाद फछ्यौट हुने प्रकृयामा रहेको छ ।
- स्थानिय न्यायिक समितिमा दर्ता हुन आएका विवादहरू किनारा लगाउने क्रममा न्यायिक समितिको बैठक र इजालास ६ पटक सञ्चालन गरिएको छ ।

दिल कृष्ण श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

- समुदायमा दिगो शान्ति स्थापना गर्ने उदेश्यले प्रत्येक वडामा स्तरको मेलमिलाप केन्द्रको स्थापना गरी वडा मेलमिलाप केन्द्र बाट ९ वटा विवाद समाधान गरिएको छ ।

१८. उद्यम विकास कार्यक्रम :

- युवा पुस्तालाई रोजगारीमा जोडौ,सुनौलो भविश्यको थालनी गरौ भन्ने मुल नारालाई आत्मसाथ गर्दै गरिवि निवारण तथा लघु उघम विकास कार्यक्रम अन्तर्गत वडा नं ०४ मा २० जना र वडा नं ०६ मा २० जना गरी जम्मा ४० जनालाइ मुकुण्डो उत्पादन सम्बन्धी व्यवसाय तालिमको लागि छनोट गरिएको छ ।

१९. आम्दानी तथा खर्च विवरण :

(क) आम्दानी तर्फ :

- आ.व. २०८०/०८१ को पहिलो चार महिनामा संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तिय समानीकरण अनुदान रू ५ करोड ३१ लाख ५७ हजार ७५० ,राजस्व बाँडफाँड रू १ करोड ६७ लाख ६४ हजार २९९ रूपैयाँ ९७ पैसा, सशर्त अनुदान, ५ करोड ८ लाख ५५ हजार ५ सय ,समपुरक अनुदान रू २७ लाख ७५ हजार र आन्तरिक आम्दानी तर्फ गत वर्षको मौज्जाद सहित रू ८ करोड २ लाख १६ हजार २८६ रूपैयाँ ५३ पैसा गरी कूल जम्मा रु. १७ करोड ६१ लाख ४७ हजार ३५६ रूपैयाँ ४५ पैसा अर्थात कूल बजेटको ३३.९० प्रतिशत आम्दानी प्राप्त भएको छ ।

(ख) बजेट तथा खर्च तर्फ :

- चालु आ.व. २०८०/०८१ को लागि चालु तर्फ रू ३२ करोड ४९ लाख ८५ हजार ५०० र पूजीगत तर्फ रू १९ करोड ४६ लाख २० हजार गरी जम्मा रू ५१ करोड ९६ लाख पाच हजार ५०० बराबरको बजेट गाउँ सभामा सार्वजनिक गरिएकोमा ,
- पहिलो चौमासिक अवधिमा चालु खर्चमा विनियोजन गरेको बजेटको रू ६ करोड ३१ लाख २१ हजार ४४८ रूपैयाँ ६३ पैसा अर्थात १९.४२ प्रतिशत चालु तर्फ खर्च गरिसकिएको छ । तेस्तै
- पूजिगत तर्फ विनियोजन गरेको बजेटको रू २ करोड ४७ लाख ९७ हजार ७५३ रूपैयाँ ०९ पैसा अर्थात १२.७४ प्रतिशत पूजिगत खर्च गरी समग्र रूपमा कूल बजेटको रू ८ करोड ७९ लाख १९ हजार २३७ रूपैयाँ ७२ पैसा अर्थात १६.९२ प्रतिशत वृत्तिय प्रगती हासिल गरिसकिएको छ ।

दिल कृष्ण श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

अन्त्यमा, समयमानै गाउँपालिकाका सबै कार्यक्रमहरू आर्थिक वर्षको सुरूमा नै योजना बनाएर काम गर्ने अठोट हुँदाहुदै पनि अनेकौ जटिलता र अन्यौलताहरू हामीले सामना गर्नु परेको अवगत नै छ । तथापी यि चुनौतिको सामना गर्दै "स्वस्थ सुखि र समृद्ध लिसंखु पाखर" बनाउने पालिकाको परिकल्पनालाई सार्थकता प्रदान गर्न शिक्षा, कृषि र रोजगार केन्द्रित कार्यक्रम तथा योजना मार्फत नागरिकहरूलाई ब्यवसायिक बनाउँदै आत्मनिर्भता र स्वरोजगार तर्फ अग्रसर बनाउने उदेस्यले जनप्रतिनिधि ज्यूहरूको कार्यकालको ५ वर्ष भित्रको अवधिलाई समृद्ध लिसंखु पाखर तथा स्वरोजगार नागरिक उत्पादनको प्रयास वर्षको रूपमा लिने निति अवलम्बन गरिए बमोजिम यस निति तथा कार्यक्रमलाई अनुसरण गर्न सहयोग गर्ने दिन रात खटिरहनु हुने गाउँपालिकाका सम्पूर्ण कर्मचारी साथिहरू , संचारकर्मी , सरोकारवाला सबै , राजनैतिक दल तथा समग्र आम लिसंखु पाखर बासीहरूमा हार्दिक कृतज्ञता ब्यक्त गर्दे चालु आ.व को पहिलो चौमासिक अवधिको समीक्षा कार्यक्रमको सार्वजनिक समारोहमा उपस्थित हुनु भएका सम्पुर्ण जनप्रतिनिधिज्यूहरु, कर्मचारी साथीहरु, संचारकर्मी लगायत सम्पूर्ण गाउँपालिकावासीहरुमा म हार्दिक आभार प्रकट गर्दछु ।

धन्यवाद ।

दिल कृष्ण श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत